Living the LOTUS
Buddhism in Everyday Life
6
2017
VOL. 141

## संस्थापकको निबन्ध

# पिडाको समय नै महत्वपुर्ण

श्रीमान श्रीमतीको संबन्ध पनि अलि नराम्रो अनि केटाकेटीले पनि मात्तिदा "यो मेरो बच्चा हो र ?" भन्न पर्ने खालको नराम्रा शब्द बुवाआमालाई भन्ने गर्छन । "अब के गर्दा होला भनेर" पिर गर्ने मानिस पनि छन । यस्तो बेलामा "अब आफुले केहि पनि गर्न सकिन्न" भनेर चेपुवामा परेको बेलामा मात्र अरुको सुझाब सल्लाह सुन्न मन लाग्ने हुन्छ ।

बुद्धले "हरेक प्राणी मेरा सन्तान हुन । म सबैको रक्षा गर्छु" भनेर बाचा गर्नु भएको छ । तेस्तो हुँदा पनि जिन्दगीमा कहिलेकाही हामीलाई किन दुख हुन्छ होला भनेर सराप्न मन लाग्ने पनि हुन्छ । एक पछी अर्को नराम्रो कुरा भएर "भगवान या बुद्ध छैनन्" भनेर नकार्न मन लाग्ने पनि हुन्छ । तर बुद्धले हामीहरुलाई कहिले पनि त्याग्नु हुन्न ।

दुख दिएको पनि हाम्रोलागि हो र दुखको बेलामा नै अरुलाई जाच गर्ने अनि परिवर्तन हुने बेला हो भनेर सिकाउनु मात्र भएको हो । यस्तो दुखको चेपुवामा परेको बेला नै महत्वपुर्ण हुन्छ । अनि यस्तो बेलामा नै नजिकका मान्छेले अरुसँग संबाद गर्ने महत्वपुर्ण समय पनि हो ।

संस्थापकको निबन्ध ९ पेज ६२-६३ बाट

Living the Lotus
Vol. 141 (June 2017)

फुमोन मिडिया सेन्टर २-७-१
वादा सुगीनामी कु टोक्यो १६६-८५३७
जापान
जापानफोन: ८१-३-५३४१-११२४
फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp

प्रमुख सम्पादक: मिजुतानी शोको
सम्पादक: एरिको कानाओ
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्रय बिभाग कर्मचारी

रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो ।हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्रय अन्तराष्ट्रय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।

*Living the Lotus-Buddhism in Everyday life* (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फक्रयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो ।यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ ।



PRESIDENT'S GUIDANCE

# गनगन नगर्ने

निवानो निचिनो
रिश्शो कोसेइ काइ अध्यक्ष

## मलाई थाहा छ भन्ने भ्रम

आफुले भनेको भएन भने तेस्तो समस्यालाई हामी मुखमा लेराउछौं । तेस्लाई “गनगन” गर्ने पनि भनिन्छ र यो “गनगन” भनेको नराम्रो शब्द हो ।

यसलाई जापानि भाषामा लेख्दा “जानेको” भन्ने अक्षरमा बिरामी थपियो भने “गनगन” बन्ने गर्दछ । भन्नुको अर्थ सबैकुरा जानेको छु भन्ने बिरामी भयो भने गनगन हुने गर्दछ । मतलब वास्तबिक कुरा नबुझेर हो । र एस्कै अर्को जापानि अक्षरमा पनि मन भन्ने अक्षरमा अल्छि भन्ने थपिन्छ र गनगन बन्न पुग्छ ।

र गनगन भनेको “भनेर पनि केहि नहुने” भन्ने अर्थ पनि हो र यो कुरा गरे पनि कुनै मतलब छैन भन्ने बुझे पनि यो गरिन्छ र आफुले भनेको नभए पछी यो कुरा गर्ने गरिन्छ ।

हामी यो गनगनबाट किन मुक्त हुन सक्दैनौ भने किनकी हामीले सोचेको जानेको कुरा मात्र “एकदम यथार्थ हो” भन्ने भ्रमले गर्दा हो । यही भएर गनगन भनेको “मलाई थाहा छ” भन्ने रोग हो ।

## सत्य थाहा पाएमा

"म सही छु" "मलाई थाहा छ" भन्ने कुरा नै गनगनको कारण हो भने आफ्नो मनले बुझेमा गनगन कम हुने गर्दछ । यसरि प्रायिस्चत गरेमा सबैथोक हेर्ने दृश्टिकोण फरक परी सन्तोष मात्र भएको कुरा पनि "बुद्धको उपदेश" जस्तो देखिन्छ ।

यदी बुद्धको उपदेश बुझेर पनि गनगन गर्न मन लागेमा ज्ञानले तेसलाई छोप्नु भनेर सुत्रमा लेखिएको छ । गनगन गर्न पर्ने कुरा खासमा "मलाई महत्वपुर्ण कुरा सिकाउने बुद्धको मन्त्र" भन्ने बुझेमा मनमा ज्ञानले काम गरेको भन्न सकिन्छ ।

यस्तो मनको काम अलि अझ सशक्त गर्ने तरिकाहरु पनि छन । यो कुरा यो जगतको सत्य मतलब हामी सबै कर्मबाट नै बाचिरहेक छौ भन्ने सत्य हो । यही गुणले गर्दा हामी बाचेका छौ भन्ने आभारिपन । यो कुरा बुझी आभारी बन्न सक्योउ भने गनगन गर्नै पर्दैन होला । छोटोमा भन्दा यो जगतको सत्यता बुझेमा गनगन खत्तम हुन्छ ।

सुत्रमा "गनगन धेरै नहोस भनी होस पुराइ अवलोकितेस्वोर पुजेमा यसबाट टाढा बस्न सकिन्छ" भनिएको छ । मतलब अवलोकितेस्वोर पुजी आस्था राखेमा गनगन गर्न पर्ने छैन ।

यदी नजानी गनगन गर्न मन लागेमा अवलोकितेस्वोरको दया माया बुझेमा आफ्ना स्वार्थ्री शब्द र कामलाई रोक्न सकिन्छ होला । "अवलोकितेस्वोरलाई पुज्ने" भनेको आफु पनि तेस्तै हुन पाउ भन्ने हुनाले आफ्नो भन्दा अरुको सुखमा रम्ने मान्छे गनगनबाट टाढा हुनेछन ।

From *Kosei*, June 2017.

# हजुरआमाले गर्दा बुद्धको बाटोमा

रिश्शो कोसेइ काइ हवाइ
जोआन केइको तानका क्लार्क

*यो प्रवचन सेप्टेम्बर २०१६ मा हवाइमा गरिएको हो*

सबैजना आज्ञा दिनुहोस

मा १९९० अक्टोबर ५ मा प्राकृतिक सुन्दर र हरियो शहर बन्द्रबनमा ५ भाइको कान्छो भएर जन्मेको हु। बुवा सरकारी जागिरे अनि म बुवाआमा र दाइदिदिको मायाले हुर्किए। हामी ७ जनाको जिवन अति सुखी थियो।

तर म ५ बर्षको हुँदा आमा बिरामी भएर अस्पातल भर्ना हुनुभयो र २ हफ्तामा ठीक भाई घर आउनुभयो तर केहि महिनपछी त्यो रोग बल्झियो। हामी सबैलाई दुख लाग्यो। धेरै जचायौ तर रोग के हो पत्ता लागेन। त्यो रोग ठीक भएन र ३ बर्ष पछी म ८बर्ष हुँदा आमा बितुभयो।

आमाको मृत्यु मलाई मान्य थिएन र म सधै रोएर मात्र बस्थे। आमाको मृत्युले घरमा अन्धकार छायो। उहाले हामीलाई मिठो खाना अनि जात्राको बेलामा नयाँ लुगा किनी दिनुहुन्थ्यो। त्यो भन्दा पनि उहाले हामीलाई धेरै माया गर्नुहुन्थ्यो। कान्छो म सधै उहासँग हुन्थे। किनमेल पनि उहाको हात समाइ जान्थे। उहाको सबैकुरा मलाई राम्रोसँग याद आउछ।

उहाको मृत्युको २ बर्ष पछी अझै दुख बाकी हुँदा बुवा हामीलाई छोडी कतै जानुभयो। बुवा देखेर धेरै रिस उठ्यो।

सबैभन्दा नजिक हुन पर्ने मान्छे नै घर छोडेर गएको कुरा बिश्वास गर्न सकिन र त्यो बेला नै मेरो निम्ती सबैभन्दा दुखको समय थियो।

बुवाआमा दुबै नभये पछी हामी टुहुरा भयौ। हामी सबै पढ्थ्यौ अनि काम थिएन अब कसरी जिवन चलाउने भनेर हामीले सल्लाह गर्यौ। आफन्त त थिए तर कसैले सहयोग गरेनन। हामी पढ्दै अनि ट्युसन पढाउदै आफ्नो जिवन चलाउन थाल्यौ। दिदी र दाइले मलाई प्रेरणा दिनुहुन्थ्यो।

बुवाआमा नभएर नराम्रा मान्छे बने भनेर अरुले भन्लान भनेर तेस्तो काम गर्ने छैन भनेर कसम खाए। अरुसँग मिलेर बस्नु पर्छ भन्ने मेरो सोचाइ थियो तर नजिकै राम्रो जिवनी बिताउने मान्छेहरु नै थिएनन।

मैले कोसेइ काइको बारेमा थाहा पाएको भाई पर्नेको आफन्तले गर्दा हो। त्यो टाढाको नातेदारसँग साथी बने र कोसेइ काइको बारेमा थाहा पाए। कोसेइ काइ भनेको सर्बसधारण बुद्धधर्म संस्थान भन्ने थाहा पाएर कस्तो कुरा सिकाइने रहेछ भनेर जान्न २०१० मा यहाँ सदस्य बने। साथि र म चट गाउँबाट साढे दुइ घण्टा टाढाको मन्दिरमा गयौ।

पहिलो चोटी त्यहाँ जादा मलाई सबैले राम्रोसँग स्वागत गरे मलाई ज्यादै खुशी लाग्यो। म पनि यहाँका मान्छे जस्तै पढेर दयालु बन्छु भन्ने लाग्यो।

यहाँ मैले सिक्षा बिभागका प्रमुख कनच बरुआलाई भेट्ने मौक पाए। उहा एक्दम दयालु मान्छे हो र उहाले मलाई परिवारलाई जस्तै राम्रो बेबहार गर्नुहुन्थ्यो।

उहाले मलाई “पहिला अरुहरु” भन्ने किताब दिनुभयो। त्यो किताबमा “आफ्नो कुरा आफुलाई सबै भन्दा बढी थाहा हुन्छ भन्छन तर खासमा आफ्नो कुरा नबुझ्ने मानिस धेरै हुन्छन। आफ्नो कुरा थाहा पाउन मनको खेतलाई तयारी गर्नु पर्छ” भनेर लेखिएको थियो। मैले त्यो कुरा राम्रोसँग नबुझेकोले उहालाई सोधे। उहाले मलाई “अहिलेसम्म यस्तो स्वस्थ भएर बाचेकोमा बुद्ध या पितृप्रती आभारी भएका छौ ?” भनेर सोध्नुभयो। मैले “तेस्तो गरेको छैन” भनेर भएको कुरा भने। “बुवाआमाले हुर्काउनु भएको कुरा र उहाहरु नभएपछी दाइदिदिले गरेका सहयोग प्रती अनि पित्री र नजिकका मान्छेप्रती आभारी हुन बिर्शनु हुँदैन। त्यो आभारिपन सधै ब्यक्त गरेमा जिवन सुखी हुँदै जानेछ” भनेर भन्नुभयो। त्यो कुरा सुनेर मलाई जिवन कसरी सही रुपमा बिताउनु पर्छ भनेर सिकाउने मान्छे मैले पाए भनेर बुझे।

मलाई अझ धेरै ज्ञान प्राप्त गर्न मन लाग्यो भनेर मैले उहासँग सुझाब मागे। उहाले तेसो भए कोसेइ काइ जापानमा बुद्धधर्म पढ्ने गाकुरिन भन्ने ठाउमा बिदेशका विद्यार्थी पढ्ने बेबस्ता छ भनेर भन्नुभ्यो। उहाले गाकुरिन जाने सल्लाह दिनुभयो र कसरी त्यहाँ जाने भन्ने बारेमा पनि सिकाउनुभयो। म कोसेइ काइमा नआएको भए यती राम्रो ज्ञान र असल मान्छेहरुलाई भेट्ने थिइन होला। मलाई यहाँसम्म ल्याउनु भएका साथिभाइप्रती म आभारी छु।

दाइदिदिहरुले म जापान जाने कुरा स्विकार्नुभयो र सबै खर्च बेहोर्नुभयो। अनि “तिमीले रोजेको बाटो हो हामी सहयोग गर्छौं” भनेर



*दाइसेइदोमा प्रवचन गर्दै मर्मजि*

भन्नुभयो।

उहाहरुको सहयोग छ अब म अन्तिम लक्ष्य सम्म पुग्छु भन्ने बिश्वास पैदा भयो र खुशी लाग्यो।

जापान आउनुअघी नचिनेको मान्छेहरुसँग कसरी बस्ने हो जस्तो लाग्थ्यो। पहिलपहिला भाषा र सन्स्कृती नमिल्नले असजिलो थियो। गाकुरिनमा बस्दाबस्दा साथीहरुसँग बिताउने समय महत्वपुर्ण हुन्छ भनेर बुझे। बिभिन्न देशका मान्छेसँग बसेको मेरो यो पहिलो पल्ट थियो। साथीहरु मैले काम गर्दा या बिरामी हुँदा सहयोग गर्ने खालका एकदम राम्रा थिए।

पहिलो बर्ष जापानि भाषा नबुझ्नेकोले सरहरुले पनि ध्यान देउ भन्नुहुन्थ्यो। अनि अरु साथिहरुले राम्रोसँग जापानि बोल्दा मलाई कस्तो कस्तो लाग्थ्यो। तेस्तो बेलामा माथिका विद्यार्थीहरुले मेरो कुरा बुझी “हामीलाई पनि पहिला तिमी जस्तै जापानि नबुझी गाह्रो भएको थियो तर पढ्दै जादा ठीक हुन्छ” भनेर हौसला दिन्थे।

दोस्रो बर्षमा टोक्योको किता मन्दिरमा प्रचारको काम गर्न थाले। त्यो काम जिवन परिवर्तन हुने खालको थियो। म र प्रमुख अरुलाई सहयोग गर्न जादा आखा नदेख्ने अनि कान नसुन्ने मनिससँग भेट भयो। त्यो भेटाइले मेरो मनमा प्रकाश छरेको जस्तो लाग्दछ।

त्यो मान्छेको छोराछोरी थिएनन र श्रीमान बिते पछी एक्लै बस्थिन। उहालाई देख्दा आफ्नो परिवारको जस्तै अवस्था जस्तो लाग्यो। तर उहा बुढी अनि सरिर पनि जिर्ण तर एकदम खुशी अनि दयालु हुनुहुन्थ्यो। उहाले मलाई छोएर “तिमी कती राम्रो” भनेर भन्नुहुन्थ्यो।

उहाले मलाई मनको आखाले देख्नु हुदो रहेछ भनेर मलाई खुशी लागेको थियो। उहा देखेर म स्वस्थ छु जवान छु तर पनि बुवाआमा नभएको कुरा मन भित्र राखेर दुखिसाथ बाचेको रहेछु भन्ने लाग्यो। यो सबै कुरा बुद्धको कार्य हो भन्ने कुरा बुझे।

उहाको दयाले मायाले गर्दा बुद्धले पार गर्न नसक्ने काम केहि दिनुहुन्न भन्ने कुरा बुझे। मैले बुवाआमा गुमाएको भनेको धर्म पढेर धेरैलाई मुक्ती दिनको लागी हो भन्ने कुरा बुझे।

उहालाई देखेर नै आफु खुशी भए अरु पनि खुशी हुनेछन भन्ने बुझे। अनि सकारात्मक सोच राख्नु पर्छ भन्ने पनि बुझे। अरुहरुले मलाई देखेर खुशी हुने अनि दयालु मनले अरुको मनमा पस्ने सकारात्मक मान्छे बन्छु भन्ने लाग्यो।

कोसेइ काइको महत्वपुर्ण काम होजा बुझ्न म पनि त्यहाँ जान थाले र बुद्धको उपदेश बुझ्न थाले।

होजामा एकजना "बि" भन्ने मनिस आउनुहुन्थ्यो। उहा आफ्नो श्रीमानको मृत्यु पछीको पित्री नामको लागी आउनुभएको थियो। तर कुनै कारणले त्यो पित्री नाम पढ्न मिलेन। तर उहाले यहाँ पढ्न नमिले र नै तपाईंहरुले मेरो श्रीमानको पित्री नाम सम्झने हुनुभयो भनेर आभारी पो हुनुभयो।

उहाको त्यो सोचाइले मलाई छोयो। म भए तेस्तो गर्दिन थिए होला।

होजामा सबैका कुरा सुन्ने मात्र होईन कि एकअर्काबाट सिक्ने दुख पिडाबाट मुक्ती हुने बाटो खोज्ने हो जस्तो लाग्यो।

बुद्ध र संस्थापकका उपदेश अनुसार जिवन बिताउने हो भने आफु पनि अनि अरुपनी मुक्ती पाउने सुखी जिवन हुने छ भनेर मलाई पक्का भयो। अहिले म आमाबुवाले गर्द नै संस्थापक अध्यक्षको उपदेश सिक्ने राम्रो मौक पाए भन्ने जस्तो लाग्छ। म जापान आएर सबै भन्दा आभरी भएको नै आफ्नो मन परिवर्तन भएको कुराले हो।

यहाँ सिकेका धेरै कुरा मध्यबाट मेरो ठाउँ बन्द्रबनमा गएर “सबै चिज आफु बाट” भन्ने सोचाइ फैलाउन मन छ। आफुले गरेको कार्य आफुमा फर्केर आउछ भन्ने कुरा हो। आफुले भनेको जस्तो नभएको बेलामा आफुले गर्दा होईन अरुले गर्दा हो भनेर तनाव लिएमा दुखबाट पार हुन सकिन्न। यहाँ हुने कुरा सबै आफुले गर्दा हो भनेर सोच्यो भने बस्तिवकता परिवर्तन हुन्छ।

मेरो ठाउँमा गएर बुद्धको उपदेश फैलाई संघका साथिहरुसँग मिली ध्यान गरी उपदेश र होजा गर्नेछु।

सबैजना सुन्नु भएकोमा धन्यवाद।



*दाइसेइदोमा प्रवचन गर्दै मर्मजि*

# Childcare lifeline

## सबैथोक आफै गर्न खोज्ने छोराले दुख दिएको छ



**Q** ५४ कक्षामा पढ्ने छोराको झुट बोल्ने बानिले पिर पारेको छ। केही दिनअघी पनि “भिडियो गेम कसरी खेल्ने भन्ने किताब साथिले दिएको” भन्यो तर साथिको आमाले “दिएको होईन सापट मात्र तर फिर्ता गरेको छैन के गर्ने ?” भनेर फोन गरिन। गिलास फुटायो भने पनि बहिनिले गरेको भनेर झुटो बोल्ने गर्दछ। झुट बोल्दा “तिमीले झुट बोल्न हुँदैन है” भन्छु। छोरा यस्तै “सधै झुट बोल्ने मनिस” बन्ने हो कि भनेर पिर लाग्दछ।

**A** तपाईं छोराले झुट नबोलोस भन्ने चाहनुहुन्छ भन्ने कुरा प्रष्ट छ। छोराले झुट बोल्दा आमलाई फेरी पनि झुट बोल्यो भन्ने लाग्दछ। “फेरी झुट बोलेको ?” भन्ने पनि छोराछोरी असल बनुन भनेर नै हो तर त्यो कुरा उनिहरुले बुझ्दैनन। उल्टै आमाले मेरो कुरा पत्याइनन भनेर एक्लो महसुश गर्ने गर्दछन।

यदी साच्चै नै झुटो बोले पनि “झुटो बोलेको ? झुटो बोल्न हुन्न” भनेर रिसाउनु हुँदैन। झुटो बोलेमा के भयो भनेर उसलाई सोध्नु पर्दछ। झुटो बोल्नुको पनि कारण हुदछ।

बहिनिलाई दोष दिने कुरा चाही तपाईंले “छोरा झुट बोल्ने तर छोरी चाही कती राम्री ” भन्ने हेराइले गर्दा त होईन ? यस्ता कुरा उनिहरुले बुझ्ने गर्दछन।

आफु एक्लो महसुस गरेर “आमा मलाई पनि ध्यान दिनुस्” भनेर झुटो बोल्ने पनि गर्दछन।

छोराले “किताब साथिले दिएको हो” भन्दा पनि “कहाँ दिएको झुट बोल्छस” भनेर रिसाउनु भन्दा पनि “तिमीलाई त दिएको जस्तो लाग्छ होला तर साथिले त तिमीलाई सापट मात्र दिएको होला होईन र ?” भनेर भनिदिनुहोस।

अनी मैले नबुझेको रहेछु भनेर साथिलाई केहो लागि दिनुहोला।

“म रिसाउदिन तर सत्य कुरा भन” भनेर त भनिन्छ तर उनिहरुले सत्य कुरा गर्द आमबुवा रिसाउने गर्दछन। तेही भएर रिसाउदीन भन्यो भने रिसाउनु हुँदैन। सत्य बोलेमा उनिहरुलाई स्याबासी दिनु पर्दछ अनि यही कुरा उनुहरुले पनि सिक्दछन।

झुट बोल्दा माफ दिएमा उनिहरु बिनम्र भएर साचिको कुरा गर्ने गर्दछन।यो बेला भनेको राम्रो नराम्रो के हो भन्ने कुरा बुझ्ने बेला हो। आमाबुवाले सहयोग गरेमा जे पनि हुने छ। कोमल मनले छोरालाई हेर्नुहोस।



**Point** जन्मिदै झुटो बोल्ने कोही पनि जन्मिदैनन

झुट भनेको मर्का परेको बेलामा आफुलाई बचाउन र भागने बाटो बनाउने बेलामा भनिन्छ। अहिलेसम्म छोराछोरीसँग कस्तो बेबाहर गर्नु भयो यसो हेर्नुहोस। झुट बोल्नुमा कुनै कारण हुन्छ।

सहयोग : टोक्यो परिवार शिक्षा अनुसन्धान केन्द्र
टोक्यो परिवार शिक्षा अनुसन्धान केन्द्रले “आमाबुवा परिवर्तन भए छोराछोरी परिवर्तन हुन्छन” भन्ने शैक्षिक आधारमा बिभिन्न ठाउँमा छलफल र तालिम दिने गर्दछ। धेरै जानाले “छोराछोरी बाट सिक्ने शिक्षा” सिकी सुखी परिवार बनेका छन।

## पूर्ण रुपमा बिश्वास गर्ने न्यानोपन

छोरालाई असल मान्छे बनाउने तपाईं एकदम राम्रो आमा हुनुहुन्छ । आफुलाई हेर्ने मानिसले मन छुने कुरा गरेमा आफुले गर्न सक्ने सबै कुरा गर्न सक्ने हुन्छन ।

यदो जमानाका जेन गुरु रयो आकिले भातिजोको आवारा छोरोलाई सुझाब दिनुस भन्दाको एक कुरा छ । तर रयो आकिले उनलाई खासै केहि नभनिकन दिन बिताए । र फर्किने बेलामा रयो आकिले “तिमी यो धागो बाध त” भनेर भनेछन । छोरो भने सुझाब पनि नदिने धागो किन बाध्न भनेको भनेर छक्क परी धागो बाधेछ । त्यो बेलामा रयो आकिको आखाको आसु छोराको हातमा परेछ । यसो हेर्द रयो आकिको आखा भरी आसु थियो । त्यो आसुले गर्द छोराको आवरपन समाप्त हुन्छ । त्यो आसुले छोराको मनलाई छोइदियो ।

आमा तपाईंको छोराले झुटो बोल्यो भनेर थाहा पाए पनि त्यो साचो हो भनेर पुर्ण रुपमा बिश्वास गर्नुहोला । तपाईंको बिश्वासले गर्दा छोरा आफै बिबेकसिल भाई आमालाई दुख दिने काम गर्दिन भन्ने मन बन्दै जानेछ ।

## Please give us your comments!

We welcome comments on our newsletter Living the Lotus.

living.the.lotus.rk-international@kosei-kai.or.jp

# Director's Column

## यो बर्षको एकयान मेलाकोलागी उत्साहित छु

म अप्रिलमा ताईवानमा हुँदा बिदेश बिभागबाट फोन आयो । “तपाईं यो एकयान मेलाको प्रमुख भएर काम गर्नु हुन्छ ?” भनेर ।

यो एकदमै ठुलो काम हो । पुन्डरिक सुत्रको ज्ञानलाई फैलाउन जिवन दिने निचिरेन स्योनिनको श्रदान्जली र बिश्व शान्तिको लागि जिवन दिने कोसेइ काइको संस्थापकको श्रदान्जली अनि प्रशंसा गरी दिप ज्योती गरिनेछ । फोन पाउदा साची भन्ने हो भने तेती खुशी लागेको थिएन । तर मनमा नयाँ सोच पैदा भयो । “अहिले मन नपर्ने काम पाए पनि यसबाट नै अर्को कुनै नयाँ महत्वपुर्ण कुरा बुझ्ने मौका हो “र पाएको कामलाई म सकेसम्म राम्रो दिप ज्योती ” गराउने छु भनेर बिस्तारै मन दृढ हुन थाल्यो ।

अनी बिदेश बिभागमा फोन गरे । र फेरी त्यहाँबाट फोन आयो । “जुलाई मा उलन्बट्टरमा म्योकोजी आउनु हुने छ है” भनेर खुशीको खबर सुनाउनु भयो । खुशी भित्र झन खुशी थपियो ।

रिश्शो कोसेइ काइ अन्तराष्ट्रय बिभाग निर्देशक

शोको मिजुतानी




RISSHO KOSEI-KAI INTERNATIONAL BRANCHES

Rissho Kosei-kai

# Overseas Dharma Centers 2017

## Rissho Kosei-kai International
3F Fumon Media Center, 2-7-1 Wada, Suginami-ku, Tokyo, Japan
*Tel:* 81-3-5341-1124 *Fax:* 81-3-5341-1224

### Rissho Kosei-kai International of North America (RKINA)
2707 East First Street Suite #1 Los Angeles
CA 90033 U.S.A
*Tel:* 1-323-262-4430 *Fax:* 1-323-262-4437
*e-mail:* info@rkina.org http://www.rkina.org

### Branch under RKINA

**Rissho Kosei-kai of Seattle's Buddhist Learning Center**
28621 Pacific Highway South, Federal Way, WA 98003, U.S.A.
*Tel:* 1-253-945-0024 *Fax:* 1-253-945-0261
e-mail: rkseattlewashington@gmail.com
http://buddhistlearningcenter.org/

**Rissho Kosei-kai of Vancouver**

**Rissho Kosei-kai Buddhist Center of San Antonio**
6083 Babcock Road, San Antonio, TX 78240, U.S.A.
P.O. Box 692148, San Antonio, TX78269, USA
*Tel:* 1-210-561-7991 *Fax:* 1-210-696-7745
*e-mail:* dharmasanantonio@gmail.com
http://www.rkina.org/sanantonio.html

**Rissho Kosei-kai of Tampa Bay**
2470 Nursery Road, Clearwater, FL 33764, U.S.A.
*Tel*: (727) 560-2927
*e-mail*: rktampabay@yahoo.com
http://www.buddhismtampabay.org/

### Rissho Kosei-kai Buddhist Church of Hawaii
2280 Auhuhu Street, Pearl City, HI 96782, U.S.A.
*Tel:* 1-808-455-3212 *Fax:* 1-808-455-4633
*e-mail:* info@rkhawaii.org http://www.rkhawaii.org

**Rissho Kosei-kai Maui Dharma Center**
1817 Nani Street, Wailuku, HI 96793, U.S.A.
*Tel:* 1-808-242-6175 *Fax:* 1-808-244-4625

**Rissho Kosei-kai Kona Dharma Center**
73-4592 Mamalahoa Highway, Kailua-Kona, HI 96740, U.S.A.
*Tel:* 1-808-325-0015 *Fax:* 1-808-333-5537

### Rissho Kosei-kai Buddhist Center of Los Angeles
2707 East First Street, Los Angeles, CA 90033, U.S.A.
*Tel:* 1-323-269-4741 *Fax:* 1-323-269-4567
*e-mail:* rk-la@sbcglobal.net http://www.rkina.org/losangeles.html

**Rissho Kosei-kai Buddhist Center of Arizona**

**Rissho Kosei-kai Buddhist Center of Colorado**

**Rissho Kosei-kai Buddhist Center of San Diego**

**Rissho Kosei-kai Buddhist Center of Las Vegas**

**Rissho Kosei-kai Buddhist Center of Dallas**

### Rissho Kosei-kai of San Francisco
1031 Valencia Way, Pacifica, CA 94044, U.S.A.
*Tel:* 1-650-359-6951 *Fax:* 1-650-359-6437
*e-mail:* info@rksf.org http://www.rksf.org

**Rissho Kosei-kai of Sacramento**

**Rissho Kosei-kai of San Jose**

### Rissho Kosei-kai of New York
320 East 39th Street, New York, NY 10016, U.S.A.
*Tel:* 1-212-867-5677 *Fax:* 1-212-697-6499
*e-mail:* rkny39@gmail.com http://rk-ny.org/

**Rissho Kosei-kai of Chicago**
1 West Euclid Ave., Mt. Prospect, IL 60056, U.S.A.
*Tel :* 1-773-842-5654
*e-mail:* murakami4838@aol.com
http://home.earthlink.net/~rkchi/

**Rissho Kosei-kai of Fort Myers**
http://www.rkftmyersbuddhism.org/

### Rissho Kosei-kai Dharma Center of Oklahoma
2745 N.W. 40th Street, Oklahoma City, OK 73112, U.S.A.
*Tel & Fax:* 1-405-943-5030
*e-mail:* rkokdc@gmail.com http://www.rkok-dharmacenter.org

**Rissho Kosei-kai Buddhist Center of Klamath Falls**
1660 Portland St. Klamath Falls, OR 97601, U.S.A.

**Rissho Kosei-kai, Dharma Center of Denver**
1255 Galapago Street, #809 Denver, CO 80204, U.S.A.
*Tel:* 1-303-446-0792

**Rissho Kosei-kai Dharma Center of Dayton**
425 Patterson Road, Dayton, OH 45419, U.S.A.
http://www.rkina-dayton.com/

### Risho Kossei-kai do Brasil
Rua Dr. José Estefno 40, Vila Mariana, São Paulo-SP,
CEP 04116-060, Brasil
*Tel:* 55-11-5549-4446 / 55-11-5573-8377
*Fax:* 55-11-5549-4304
*e-mail:* risho@terra.com.br http://www.rkk.org.br

**Risho Kossei-kai de Mogi das Cruzes**
Av. Ipiranga 1575-Ap 1, Mogi das Cruzes-SP,
CEP 08730-000, Brasil
*Tel:* 55-11-5549-4446/55-11-5573-8377

### Rissho Kosei-kai of Taipei
4F, No. 10 Hengyang Road, Jhongjheng District, Taipei City 100, Taiwan
*Tel:* 886-2-2381-1632 *Fax:* 886-2-2331-3433
http://kosei-kai.blogspot.com/

**Rissho Kosei-kai of Taichung**
No. 19, Lane 260, Dongying 15th St., East Dist.,
Taichung City 401, Taiwan
*Tel:* 886-4-2215-4832/886-4-2215-4937 *Fax:* 886-4-2215-0647

### Rissho Kosei-kai of Tainan
No. 45, Chongming 23rd Street, East District, Tainan City 701, Taiwan
*Tel:* 886-6-289-1478 *Fax:* 886-6-289-1488

**Rissho Kosei-kai of Pingtung**

### Korean Rissho Kosei-kai
6-3, 8 gil Hannamdaero Yongsan gu, Seoul, 04420, Republic of Korea
*Tel:* 82-2-796-5571 *Fax:* 82-2-796-1696
*e-mail:* krkk1125@hotmail.com

**Korean Rissho Kosei-kai of Busan**
3F, 174 Suyoung ro, Nam gu, Busan, 48460, Republic of Korea
*Tel:* 82-51-643-5571 *Fax:* 82-51-643-5572

### Branches under the Headquarters

**Rissho Kosei-kai of Hong Kong**
Flat D, 5/F, Kiu Hing Mansion, 14 King's Road,
North Point, Hong Kong, Republic of China

**Rissho Kosei-kai of Ulaanbaatar**
15F Express tower, Peace avenue, khoroo-1, Chingeltei district,
Ulaanbaatar 15160, Mongolia
*Tel:* 976-70006960
*e-mail:* rkkmongolia@yahoo.co.jp

**Rissho Kosei-kai of Sakhalin**
4 Gruzinski Alley, Yuzhno-Sakhalinsk
693005, Russian Federation
*Tel & Fax:* 7-4242-77-05-14

**Rissho Kosei-kai di Roma**
Via Torino, 29-00184 Roma, Italia
*Tel & Fax :* 39-06-48913949
*e-mail:* roma@rk-euro.org

**Rissho Kosei-kai of the UK**

**Rissho Kosei-kai of Venezia**
Castello-2229 30122-Venezia Ve Italy

**Rissho Kosei-kai of Paris**
86 AV Jean Jaures 93500 Tentin Paris, France

### International Buddhist Congregation (IBC)
3F Fumon Media Center, 2-7-1 Wada, Suginami-ku, Tokyo, Japan
*Tel:* 81-3-5341-1230 *Fax:* 81-3-5341-1224
*e-mail:* ibcrk@kosei-kai.or.jp http://www.ibc-rk.org/

## Rissho Kosei-kai of South Asia Division
3F Fumon Media Center, 2-7-1 Wada, Suginami-ku, Tokyo, Japan
*Tel:* 81-3-5341-1124 *Fax:* 81-3-5341-1224

### Rissho Kosei-kai International of South Asia (RKISA)
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang
Bangkok 10310, Thailand
*Tel*: 66-2-716-8141 *Fax*: 66-2-716-8218
*e-mail*: thairissho@csloxinfo.com

### Branches under the South Asia Division

**Rissho Kosei-kai of Central Delhi**
224 Site No.1, Shankar Road, New Rajinder Nagar, New Delhi,
110060, India

**Rissho Kosei-kai of West Delhi**
66D, Sector-6, DDA-Flats, Dwarka
New Delhi 110075, India

**Rissho Kosei-kai of Kolkata**
E-243 B. P. Township, P. O. Panchasayar,
Kolkata 700094, India

**Rissho Kosei-kai of Kolkata North**
AE/D/12 Arjunpur East, Teghoria, Kolkata 700059,
West Bengal, India

**Rissho Kosei-kai of Bodhgaya Dharma Center**
Ambedkar Nagar, West Police Line Road
Rumpur, Gaya-823001, Bihar, India

**Rissho Kosei-kai of Kathmandu**
Ward No. 3, Jhamsilhel, Sancepa-1, Lalitpur,
Kathmandu, Nepal

**Rissho Kosei-kai of Singapore**

**Rissho Kosei-kai of Phnom Penh**
#201E2, St 128, Sangkat Mittapheap, Khan 7 Makara,
Phnom Penh, Cambodia

### Thai Rissho Friendship Foundation
201 Soi 15/1, Praram 9 Road, Bangkapi, Huaykhwang
Bangkok 10310, Thailand
*Tel:* 66-2-716-8141 *Fax:* 66-2-716-8218
*e-mail:* info.thairissho@gmail.com

### Rissho Kosei-kai of Bangladesh
85/A Chanmari Road, Lalkhan Bazar, Chittagong, Bangladesh
*Tel & Fax:* 880-31-626575

**Rissho Kosei-kai of Dhaka**
House#408/8, Road#7(West), D.O.H.S Baridhara,
Dhaka Cant.-1206, Bangladesh
*Tel:* 880-2-8413855

**Rissho Kosei-kai of Mayani**
Mayani(Barua Para), Post Office: Abutorab, Police Station: Mirshari,
District: Chittagong, Bangladesh

**Rissho Kosei-kai of Patiya**
Patiya, sadar, Patiya, Chittagong, Bangladesh

**Rissho Kosei-kai of Domdama**
Domdama, Mirsarai, Chittagong, Bangladesh

**Rissho Kosei-kai of Cox's Bazar**
Ume Burmese Market, Main Road Teck Para, Cox'sbazar, Bangladesh

**Rissho Kosei-kai of Satbaria**
Satbaria, Hajirpara, Chandanish, Chittagong, Bangladesh

**Rissho Kosei-kai of Laksham**
Dupchar (West Para), Bhora Jatgat pur, Laksham, Comilla,
Bangladesh

**Rissho Kosei-kai of Raozan**
West Raozan, Ramjan Ali Hat, Raozan, Chittagong, Bangladesh

**Rissho Kosei-kai of Chendirpuni**
Chendirpuni, Adhunagor, Lohagara, Chittagong, Bangladesh

**Rissho Kosei-kai of Ramu**

### Rissho Kosei Dhamma Foundation, Sri Lanka
No. 628-A, Station Road, Hunupitiya, Wattala, Sri Lanka
*Tel:* 94-11-2982406 *Fax*: 94-11-2982405

**Rissho Kosei-kai of Polonnaruwa**

**Rissho Kosei-kai of Habarana**
151, Damulla Road, Habarana, Sri Lanka

### Other Groups

**Rissho Kosei-kai Friends in Shanghai**